मदाने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प.सं. २०७७/०७८
च.नं. सू. ०१

पुर्कोटदह, गुल्मी
प्रदेश नं. ५, नेपाल

मितिः- २०७७/०५/२४

सूचना!

सूचना!!

सूचना!!!

**मदाने गाउँपालिका भित्र व्यापार व्यवसाय गर्ने व्यक्ति/फर्महरुको जानकारीका लागि मदाने गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, पुर्कोटदह गुल्मीको अत्यन्तै जरुरी सूचना ।**

यस मदाने गाउँपालिकामा गठित वजार अनुगमन समितिले विभिन्न मितिहरुमा यस गाउँपालिका अन्तर्गतका विभिन्न वजार क्षेत्रहरुमा गरेको अनुगमनको क्रममा धेरै जसो पसलहरु दर्ता नै नगरी सञ्चालन भएको, ढक दराजु ठीक अवस्थामा नपाइएको, ढुङ्गाको ढक बनाई तौल लिएर कारोबार गरेको, म्याद नाघेका खाद्य वस्तुहरु भेटिएको, व्यवसायको दर्ता नवीकरण नभएको, इजाजत वेगर धुम्रपान तथा मदिराजन्य व्यवसाय सञ्चालन गरेको, एउटा प्रकृतिको व्यापार/व्यवसाय गर्न इजाजत लिई धेरै प्रकृतिका व्यापार/व्यवसाय सञ्चालनमा ल्याएको, सबैले देख्ने गरी मूल्य सूची नराखेको लगायतका विविध कमी कमजोरीहरु पाईएकोले अब उपरान्त यस्ता प्रकृतिका गल्तीहरु गर्ने उपर नियमानुसार कारबाहीको प्रकृया अगाडि बढाइने व्यहोरा यसै सूचना साथ जानकारी गराईन्छ । साथै दर्ता विना सञ्चालनमा ल्याइएका व्यापार/व्यवसायीहरुले १५ दिनभित्र दर्ता/नवीकरण गर्नु हुन समेत सूचित गरिन्छ ।

७७।५।२४

रुद्र बहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत

अनुरोधक
मदाने गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पुर्कोटदह गुल्मी ।